Nepali/नेपाली

जानकारी पत्र

AEC Australian Electoral Commission

# यदि तपाईंलाई COVID-19 भएमा मतदान कसरी गर्ने

BE COVIDSAFE



यदि तपाईंको COVID-19 परीक्षणको परिणाम पोजेटिभ आयो र तपाईं निर्वाचनको दिन आइसोलेसनमा हुनुहुने भएमा, तपाईंले शनिबार 21 मे मा हुने संघीय निर्वाचन 2022 मा मतदानस्थलमा गएर मतदान गर्न सक्नुहुने छैन।

फोन मतदान (phone voting) बिहीबार 19 मे देखि शनिबार 21 मे सम्म ती व्यक्तिहरूका लागि उपलब्ध हुनेछ जो शुक्रबार 13 मे बेलुका स्थानीय समयमा 6.00 बजे पछाडि COVID-19 परीक्षणमा पोजेटिभ देखिएका हुनेछन्।

यदि तपाईं लक्षणविहीन निकट सम्पर्कमा आएको व्यक्ति (close contact) नजिकको सम्पर्क हुनुहुन्छ र आइसोलेट गर्न आवश्यक छैन भने, तपाईंले मतदानस्थलमा व्यक्तिगत रूपमा उपस्थित भएर मतदान गर्न सक्नुहुन्छ।

## फोन मार्फत कसरी मतदान गर्ने

### १ दर्ता गर्नुहोस्

- COVID-19 पोजेटिभ भएको प्रमाण तयार राख्नुहोस्। यो निम्नानुसार हुनुपर्छ:
  - यदि PCR (पि.सी.आर.) भएमा – तपाईंको पोजेटिभ परीक्षण गर्ने केन्द्रको ठेगाना, मिति तथा समय र तपाईंको स्वास्थ्य निकायबाट प्राप्त सन्दर्भ संख्या (reference number) (यदि उपलब्ध भएमा)
  - यदि RAT (द्रुत एन्टिजेन परीक्षण (Rapid Antigen Test) भएमा – सो को ब्राण्ड तथा सिरियल नम्बर (यदि उपलब्ध भएमा), तपाईंको पोजेटिभ परीक्षणको मिति तथा समय, र तपाईंको स्वास्थ्य निकायबाट तपाईंले पोजेटिभ परीक्षणको नतिजा दर्ता गर्दा दिइएको सन्दर्भ संख्या (यदि उपलब्ध भएमा)।

- **1800 413 960** मा फोन गर्नुहोस् र विकल्प 1 चयन गर्नुहोस्। तपाईंले आफ्नो भाषा बोल्ने दोभाषेको लागि आग्रह गर्न सक्नुहुन्छ। तपाईंको प्रमाण तयार राख्नुहोस् किनकी फोनमा तपाईंलाई COVID-19 का कारण आईसोलेसनमा बसिरहेकोले गर्दा तपाईं मतदानस्थलमा उपस्थित हुन असमर्थ भएको घोषणा गर्न आग्रह गरिनेछ।

- तपाईंलाई एस.एम.एस. (SMS) वा इमेलद्वारा एउटा आठ-अङ्कको फोन मतदान दर्ता नम्बर र तपाईंको छ-अङ्कको सुरक्षित PIN (पिन नम्बर) पठाइनेछ। तपाईंले आफ्नो मत खसाल्न फोन गर्दा यी नम्बरहरूको प्रयोग गर्नुपर्छ।

### २ मतदान

**फोन गर्दा प्रतीक्षा समय लामो हुन सक्ने संभावना छ।**

- आफ्नो निर्वाचन क्षेत्र (electoral division) को लागि मतपत्रको चित्र हेर्न आफ्नो SMS वा इमेलबाट दिइएको लिंकमा जानुहोस्।

- आफ्नो आठ-अङ्कको दर्ता नम्बर, PIN, र मतदान प्राथमिकता तयार राख्नुहोस्।

- **1800 413 960** मा फोन गर्नुहोस् र विकल्प 2 चयन गर्नुहोस्। तपाईंले आफ्नो भाषा बोल्ने दोभाषेको लागि आग्रह गर्न सक्नुहुन्छ। अपरेटरले तपाईंलाई निम्न कार्यहरू गर्न आग्रह गर्ने छन्:
  - फोनद्वारा मतदान गर्न तपाईं योग्य रहेको अर्को घोषणा गर्न
  - तपाईंको आठ-अङ्कको दर्ता नम्बर र छ-अङ्कको सुरक्षित PIN उपलब्ध गराउन (आफ्नो नाम वा ठेगाना नदिनुहोस् - यसले तपाईंको मतदान गोप्य रहने सुनिश्चित गर्दछ)
  - तपाईंको अगाडि तपाईंको मतपत्रहरूको चित्र छ भन्ने पुष्टि गर्न
  - तपाईं आफ्नो मत अपरेटरले कसरी रेकर्ड गरून भन्ने चाहनुहुन्छ भनेर बताउन
  - उक्त फोनसम्पर्कलाई अन्तिम स्वरूप दिनुअघि, तपाईंले त्यसरी नै मतदान गर्न चाहनुहुन्छ भन्ने पुष्टि गर्न।

22-1681

# सञ्चालन समय

## अनलाइन दर्ता

| | | |
|---|---|---|
| खुल्ने | बुधबार 18 मे | बेलुकी 6.01 बजे AEST |
| बन्द हुने | शनिबार 21 मे | बेलुका 4.00 बजे AEST |

| | | |
|---|---|---|
| **फोन दर्ता** | बिहिबार 19 मे | स्थानीय समयमा बिहान 8.30 बजेदेखि बेलुका 5.30 बजेसम्म |
| | शुक्रबार 20 मे | स्थानीय समयमा बिहान 8.30 बजेदेखि बेलुका 5.30 बजेसम्म |
| | शनिबार 21 मे | स्थानीय समयमा बिहान 8.00 बजेदेखि बेलुका 4.00 बजेसम्म |
| **फोन मतदान** | बिहिबार 19 मे | स्थानीय समयमा बिहान 8.30 बजेदेखि बेलुका 5.30 बजेसम्म |
| | शुक्रबार 20 मे | स्थानीय समयमा बिहान 8.30 बजेदेखि बेलुकी 6.00 बजेसम्म |
| | शनिबार 21 मे | स्थानीय समयमा बिहान 8.00 बजेदेखि बेलुकी 6.00 बजेसम्म |

यदि तपाईंले नामदर्ता गर्नुभएको छ र शनिबार 21 मे बेलुकी 6.00 बजे मतदान बन्द हुँदा मतदान गर्न लाइनमा पर्खिरहनुभएको छ भने पनि तपाईंले आफ्नो मत दिन सक्नुहुनेछ।

# तपाईंको मत सुरक्षित छ

फोन मतदानको प्रामाणिकता सुनिश्चित गर्न लागू गरिएका प्रक्रियाहरू अष्ट्रेलियन निर्वाचन आयोग (Australian Electoral Commission) ले मतदान स्थलमा लागू गर्ने प्रक्रियाहरूसँग समान छन् जसले निर्वाचन ऐन (Electoral Act) को पालन गर्दछ।

22-1681

aec.gov.au

AEC Australian Electoral Commission

निर्वाचन आयुक्त, क्यानबेरा। Electoral Commissioner, Canberra.